# उच्च सरकारी वकील कार्यालय
## सुर्खेत
(प्रशासन शाखा)


पत्र संख्याः०७७/०७८
चलानी नं. ९१५

मितिः २०७८।१।६

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री जिल्ला सरकारी वकील कर्यालय,
सुर्खेत, दैलेख, जाजरकोट, सल्यान र रूकुम पश्चिम ।

उपर्युक्त सम्बन्धमा यस कार्यालयको मितिः २०७७।१२।२९ गतेको निर्णयानुसार निम्न बमोजिम कार्य तहाँ कार्यालयबाट गर्न हुन अनुरोध छ ।

१) महान्यायाधिवक्ताको कार्यालयको व्यवस्थापन समितिको २०७७ साउन ८ गते बसेको वैठकले आ.व. ०७७।०७८ लाई अभियोजन सुधार वर्ष २०७७ घोषणा गरी कार्यान्वयनमा रहेकोमा ती वुँदाहरूको कार्यान्वयन मातहत कार्यालयबाट प्रभावकारी रूपमा गर्ने । अभियोजन सुधार वर्ष अन्तर्गत महान्यायाधिवक्ताको कार्यालयबाट र यस कार्यालयबाट जारी निर्देशन, परिपत्र र निर्णयहरूको कार्यान्वयन प्रभावकारी रूपमा यस कार्यालय र मातहत कार्यालयहरूले गर्ने । अभियोजन सुधार वर्ष अन्तर्गत महान्यायाधिवक्ताको कार्यालयबाट जारी महान्यायाधिवक्ताको कार्यालयको अभियोजन नीति तथा मार्गदर्शन, २०७७ बारे जानकारी दिन, अनुसन्धान र अभियोजनमा देखिएका समस्याका बारेमा कोभिड महामारीको स्वास्थ्य सुरक्षा सर्तकता अपनाई मातहत सरकारी वकील कार्यालयहरूले अनुसन्धान अधिकृतहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरी प्रतिवेदन उच्च सरकारी वकील कार्यालय, सुर्खेत र महान्यायाधिवक्ताको कार्यालयमा पठाउने ।

२) महान्यायाधिवक्ताको कार्यालयको पञ्चवर्षीय रणनीतिक योजनाले समेत निर्दिष्ट गरेको वार्षिक कार्ययोजनामा समेत समावेश गर्नुपर्ने भनी उल्लेख भएको अनुसन्धान अधिकृत र सरकारी वकीलबीच मातहत कार्यालयहरूले मासिक रूपमा वैठक गरी सो को निर्णयको प्रतिलिपी उच्च सरकारी वकील कार्यालय सुर्खेतमा पठाउने । अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन, अभियोजन र अनुसन्धान सम्बन्धमा देखिएका समस्याहरूका सम्बन्धमा छलफल गरी अभियोजन सुधारमा प्रभावकारिता ल्याउने ।

३) मातहत कार्यालयहरूले अभियोजन सुधार सम्बन्धमा गर्नुपर्ने क्रियाकलापहरू प्रभावकारी बनाउन समन्वय समितिको बैठकमा छलफल गरी निर्णयको प्रतिलिपी उच्च सरकारी वकील कार्यालय, सुर्खेत र महान्यायाधिवक्ताको कार्यालयमा पठाउने । यस चालु आ.व. मा मातहत कार्यालयहरूको समन्वय समितिको वैठक बसी छलफल भएका निर्णयका प्रतिलिपीहरू उच्च सरकारी वकील कार्यालय, सुर्खेतमा पठाउने । मातहत कार्यालयहरूको समन्वय समितिको वैठकमा भएका निर्णयहरूको सम्बन्धमा उच्च सरकारी वकील कार्यालय तहको समन्वय समितिमा छलफल हुने


फोन नंः०८३-५२०७९७ (का.प्र.), ०८३-५२०१२६
Email: hgao.surkhet@ag.gov.np, Web: www.ag.gov.np

# उच्च सरकारी वकील कार्यालय
## सुर्खेत
(प्रशासन शाखा)

पत्र संख्या:०७७/०७८
चलानी नं.


मिति: २०७८।१।६

भएकाले हरेक समन्वय समितिको वैठकको निर्णयको प्रतिलिपी अनिवार्य रूपमा उच्च सरकारी वकील कार्यालय, सुर्खेतमा पठाउने ।

४) वार्षिक कार्ययोजना अन्तर्गत समुदायस्तरमा र सरोवालाहरूसँग गर्नुपर्ने अन्तरक्रिया कार्यक्रमहरू मातहत कार्यालय र यस कार्यालयले कोभिड महामारीको स्वास्थ्य सुरक्षा सर्तकता अपनाई स्वास्थ्य सुरक्षाको जोखिमको मूल्यांकन गरी आयोजना गर्ने । कार्यक्रमको प्रतिवेदनहरू अनिवार्य रूपमा उच्च सरकारी वकील कार्यालय, सुर्खेतमा पठाउने ।

५) नमूना सरकारी वकील कार्यालयबाट सम्पादन गर्नुपर्ने कामहरूका सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयबाट तयार गरिएको विवरणहरू नमूना सरकारी वकील कार्यालयको रूपमा कामकाज गर्ने गरी घोषणा भएको जिल्ला सरकारी वकील कार्यालय, सुर्खेत र अन्य मातहत कार्यालयबाट समेत प्रभावकारी रूपमा सम्पादन गर्ने । यस कार्यालयबाट मातहत कार्यालयको अनुगमनको क्रममा नमूना सरकारी वकील कार्यालयबाट सम्पादन गर्नुपर्ने काम कारबाहीहरू प्रभावकारी भए नभएको अनुगमन गरिने छ ।

६) मातहत कार्यालयहरूले अनिवार्य रूपमा कार्यालय परिसरमा सबैले देख्ने स्थानमा सेवाग्राही वडापत्र, कार्यालय प्रमुखको कक्षमा मुद्दाको विवरण जानकारी दिने बोर्ड, कार्यालय परिसर भित्र सबैले देख्ने स्थानमा सूचना पाटी र गुनासो पेटिका कार्यालयमा राख्ने ।

७) मातहत कार्यालयहरूले महान्यायाधिवक्ताको कार्यालयद्वारा हेलो साक्षी कार्यक्रम प्रभावकारी कार्यान्वयन गर्ने सम्बन्धमा जारी बुँदाहरूको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

८) मातहत कार्यालयहरूले जिन्सी विवरण व्यवस्थित गर्न कार्यालयको खर्च नभएर जाने जिन्सी सामाग्रीहरूको विवरण अद्दावधिक राख्ने, प्रत्येक कोठामा खर्च नभएर जाने जिन्सी सामाग्रीहरूको विवरण टाँस्ने, खर्च नभएर जाने सामाग्रीहरूमा जिन्सी खाता नम्बर उल्लेख गर्ने, अर्ध वार्षिक रूपमा जिन्सी निरीक्षण गर्ने र आर्थिक वर्षको अन्त्य भएपछि तयार गरिने जिन्सी निरीक्षण प्रतिवेदन अनिवार्य रूपमा उच्च सरकारी वकील कार्यालय, सुर्खेतमा पठाउने ।

०७८।१।६

(दमनसिंह विष्ट)
सहन्यायाधिवक्ता

बोधार्थ:
महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं ।


फोन नं:०८३-५२०७९७ (का.प्र.), ०८३-५२०१२६
Email: hgao.surkhet@ag.gov.np, Web: www.ag.gov.np